# के.आई.सिंह संग्रहालय प्रतिवेदन
# २०८१




## के.आई.सिंह गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

वायल, डोटी,

सुदूरपश्चिम प्रदेश, नेपाल

# विषयसूची


१. पृष्ठभूमि

१.१ परिचय....१

१.२ दिर्घकालिन सोच....२

१.३ अध्यायनको विधि....२

१.३ अध्ययनको क्षेत्र....२

१.४ अध्ययनको सिमा....३

१.५ अपेक्षित परिमाण....३

२. के.आई.सिंह संग्रहालयको वर्तमान अवस्था

२.१ संग्रहालय भवन एवं प्रदर्शनी कक्षहरुको वर्तमान अवस्था....४

२.२ सामाग्रीहरुङ्को प्रकृति र प्रदर्शनी....४

२.३ संग्रहालयको प्रदर्शनी अवस्था ....४

२.४ सेवा सुविधा ....४

२.५ व्यवस्थापकिय पक्ष र जनशक्ती अवस्था ....५

३. समस्याको पहिचान एवं प्रतिवेदनको आवश्यक्ता

३.१ संग्रहालयको प्रकृति एवं विषय (Theme) स्पष्ट नहुनु....६

३.२ सामग्री संकलन सम्बन्धी समस्या....६

३.३ संग्रहालय प्रदर्शनी सम्बन्धी समस्या....६

३.४ संग्रहालय सेवा सुविधा....६

३.५ संग्रहालय प्रवर्द्धन सम्बन्धी क्रियाकलाप....७

४. चुनौती, संभावना एवं अवसर

४.१ सवल पक्ष....८

४.२ कमजोर पक्ष....८

४.३ चुनौतीहरु ....८

४.४ अवसर एवं संभावना....८

५. संग्रहालयको स्तरोन्नती एवं प्रवर्द्धन सम्बन्धी प्रस्ताव एवं सुझावहरु

५.१ संग्रहालयको मुख्य विषय (Theme)....९

५.२ वर्तमान संग्रहालय भवनको उपयोग सम्बन्धी प्रस्ताव....१०

५.३ सामग्री सङ्कलन गर्ने तरिका तथा प्रक्रिया....११

५.४ विवरण सूची ....१२

५.५ संरक्षण सुरक्षा....१३

५.६ संग्रहालय अवलोकन मार्ग....१४

५.७ सेवा सुविधा....१४

५.८ प्रवद्धन सम्बन्धि कार्यहरु ............................................................ १४
५.९ संग्रहालय परिसरको स्तरोन्नती ............................................................ १५
५.९ निष्कर्ष............................................................ १६
अनुसूची १............................................................ १७
अनुसूची-२. ............................................................ २३
अनुसूची-३............................................................ १४
अनुसूची-४. ............................................................ २४
अनुसूची-४. ............................................................ २५

**<u>प्रतिवेदक</u>**

संयोजक - श्री कृष्ण बहादुर बम

सदस्य - श्री दुर्गा सिंह रावल

सदस्य - श्री हर्क बहादुर बिष्ट

सदस्य - श्री मोहन शाही

सदस्य सचिव - श्री विरेन्द्र सिह साउद

# पृष्ठभूमि (Background)

## १.१ परिचय (Introduction)

संग्रहालयहरुले ऐतिहासिक, सांस्कृतिक, प्राविधिक, वैज्ञानिक वस्तुहरु, तथा मानव ज्ञान सीपको दृष्टिकोणबाट महत्वपूर्ण वस्तुहरुको मानव हितका लागि त्यस्ता वस्तुहरुको प्राप्ती वा संकलन, प्रदर्शनी, संरक्षण, अध्ययन-अनुसन्धान सम्वन्धी काम गर्दछन् । संग्रहालयले पुरातात्तीक महत्व बोकेका विषय वस्तुहरुलाई जनमानस समक्ष पुर्याई विभिन्न जातिय,भाषिक,कलात्मक क्रियाकलापहरुको प्रवर्द्धन गर्ने गर्दछन । विभिन्न किसिमका महत्वपूर्ण वस्तुहरुको संकलन,संरक्षण र प्रदर्शन गरी सर्वसाधारणलाई जानकारी गराउने कार्य संग्रहालयले गर्दछ भनी विभिन्न बौद्धिक बर्गले भन्ने गर्दथे तर आधुनिक संग्रहालयको अर्थ, उद्देश्य तथा परिभाषालाई व्यापक अर्थमा हन थालिएका छ । आधुनिक सग्रहालयको भुमिका केवल महत्वपुर्ण वस्तहरुको संकलन, पर्दशनी एव सरक्षण गर्नमा मात्र सिमित नभइ सग्रहालयलाइ एउटा शैक्षिक केन्द्रका रुपमा विकास गर्नु पनि हो ।

नेपालको सन्दर्भमा संग्रहालयको ईतिहास त्यति पुरानो छैन । काठमाडौंको छाउनी स्थित हालको राष्ट्रिय संग्रहालय वि.सं. १९९५ मा "नेपाल म्यूजियम" नामाकरण गरी स्थापना भएको नेपालको पहिलो संग्रहालय हो । त्यसपछि अर्थात् झण्डै २२ वर्ष पछि २०१७ सालमा भक्तपुरमा राष्ट्रिय कला संग्रहालय, २०१९ मा पाटनमा धातुकला संग्रहालय (हालको पाटन संग्रहालय) स्थापना भए । त्यस्तै चालिसको दशकमा नेपाल सरकारको सबै विकास क्षेत्रहरुमा जातीय क्षेत्रीयसंग्रहालय स्थापना गर्ने योजना अन्तरगत धनकुटा, पोखरा एवं सुर्खेतमा क्षेत्रीय संग्रहालयहरु स्थापना भए । यस संगसंगै धेरै जातीय संस्कृतिसम्बन्धी संग्रहालयहरु पनि स्थापना भए र यो क्रम जारी छ ।

२०७२ सालमा नेपालको संविधान जारी भएसंगै नेपाल संवैधानिक रुपमा संघीय राज्य प्रणालीमा प्रवेश गरीसकेपछी संविधानले तीन तहको सरकार संघीय, प्रादेशीक र स्थानीय सरकारको व्यवस्था गरेको छ । यसै प्रशासनिक संरचना अनुसार संघीय, प्रादेशिक, एवं स्थानीय संग्रहालयहरु स्थापना गर्न सकिन्छ । स्थानिय तहहरुको संरचना निर्माण गर्दा साविकका पाँचवटा गा.वि.स.हरुलाई मिलाएर के.आई.सिंह गाउँपालिकाको स्थापना गरिएको हो । नामाङ्करण गर्ने क्रममा साविकको तिखात्तर गा.वि.स. वाडा नं. १ डुम्राकोटमा जन्मिएका कुँवर इन्द्रजीत सिंहको नामबाट यस गाउँपालिकाको नामाङ्करण गरिएको हो ।

एक पटक नेपालको प्रधानमन्त्री भैसकेका डा.के.आई.सिंहको जन्मथलोमा सिंह सम्बन्धित पुरातात्तिक महत्व बोकेका बहुमूल्य वस्तुहरुको संकलन, संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले स्थानिय सरकारको गाउँ सभाबाट पारित गरि के.आई.सिंह संग्रहालय निर्माण गर्ने निर्णय वि.सं.२०७५ सालमा गरेको हो । गाउँ कार्यपालिकाको उद्देश्य अनुरुप वडा नं. १ मा संग्रहालयको भवन निर्माण गर्ने कार्य सम्पन्न भैसकेको छ ।

## १.२ दीर्घकालिन सोंच/लक्ष्य/उद्देश्य

स्थानिय स्तरमा रहेका भाषा,कला ,संस्कृति र परमपराको जोगेर्ना गरी के.आई.सिंह संग्रहालयलाई डोटी जिल्लाको ईतिहास एवं संस्कृतिहरुको संरक्षण गर्ने थलोको रुपमा विकास गर्ने दीर्घकालीन सोच रहेको छ।

## १.३ अध्ययनको विधि/प्रकृया

यस अध्ययनको प्रयोजनका लागि निम्न लिखित विधिहरु अवलम्वन गरिएको छ-

**(क) स्थलगत अवलोकन भ्रमण**

यस अध्ययनको प्रयोजनका लागि वर्तमान संग्रहालय भवन, यसका कक्षहरुको स्वरुप, आकार-प्रकार, प्रदर्शनीको प्रकृति र वर्तमान अवस्था र संग्रहालयमा प्रदर्शनका लागि राख्नुपर्ने सामाग्रीहरुको संकलन आदिको वारेमा जानकारी लिन विषयगत विज्ञहरुबाट संग्रहालयको पटक-पटक अध्ययन अवलोकन भ्रमण गरिएको छ।

**(ख) प्रकाशित/अप्रकाशित साहित्यको अध्ययन**

के.आई.सिंह संग्रहालय डोटी जिल्ललको इतिहास एवं संस्कृतिसंग सम्बन्धित विभिन्न प्रकाशित/अप्रकाशित सामाग्रीहरुको अध्ययन गएिको छ।

**(ग) सरोकारवालाहरुसंग छलफल**

के.आई.सिंह गाउँपालिकाका जनप्रतिनिधि, स्थानिय जनता, पत्रकारहरु, गाउँपालिकाका कर्मचारी लगायत अन्य सरोकारवालाहरुसंग छलफल गरिएको छ।

**(घ) विषयगत विज्ञ/ विशेषज्ञहरुवीच छलफल**

भाषा,कला र संस्कृतिसंग चासो राख्ने र  संग्रहालयको प्रत्यक्षरुपमा संलग्न विषयगत विज्ञ/विशेषज्ञहरुवीच छलफल परामर्श गरिएको छ।

**(ङ) चर्चित एवं पुराना संग्रहालयहरुको अवलोकन**

काठमाडौं स्थित नेपालको सबैभन्दा पुरानो राष्ट्रिय संग्रहालय, स्तरीय प्रदर्शनीको व्यवस्था भएको पाटन संग्रहालय, अत्यधिक अवलोकनकर्ताहरुले रुचाएको नारायणहिटी दरबार संग्रहालय आदिको अवलोकन गरिएको छ।

## १.४ अध्ययनको सीमा/क्षेत्र

यस अध्ययनको मुख्य क्षेत्र के.आई.सिंह संग्रहालय, संग्रहालय भवन, संग्रहालय परिसर प्रदर्शनका लागि आवश्यक सर सामान, विषयवस्तु एवं तिनको प्रकृतिको अध्ययन एवं संग्रहालयको स्तरोन्नतीका लागि आवश्यक अध्ययन गरी स्तरोन्नतीका लागि कार्ययोजना पेश गर्नु, ग्यालरी डिजाइन गर्नु, वर्तमान संग्रहालय भवनका विभिन्न कक्षहरु वारेमा अध्ययन गर्नु हो। संग्रहालय भवन निर्माणको लामो समय वितिसक्दा पनि प्रदर्शनका लागि आवश्यक सरसामान संकलन गर्न नसक्नु ठुलो चुनौतीको बिषय रहेको छ।

पुरातात्वीक समानहरुको मूल्य निर्धारण गरी  खरिद तथा संकलन कार्य गर्नका लागि सार्वजिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली,२०७४ मा त्यस्तो तोकिएको कुनै पनि प्रावधान नभएकाले स्थानिय स्तरमा रहेका समान संकलन तथा व्यवस्थापन गर्न कठिन देखिन्छ।

## १.५ अपेक्षित परिणाम

यो प्रतिवेदन कार्यान्वयन हुँदा निम्न परिणामहरु निस्कने अपेक्षा गरिएको छ-

क. के.आई.सिंह संग्रहालय डोटी जिल्लाकै प्रतिनिधिमूलक संग्रहालय हुन सक्ने,

ख. संग्रहालय प्रदर्शनीलाई प्रचलित मूल्य मान्यता एवं सिद्धान्त अनुसार व्यवस्थित हुने,

ग. संग्रहालयका वर्तमान कक्षहरुको सही सदुपयोग हुने,

घ. संग्रहालय परिसरको खुल्ला क्षेत्रको सही सदुपयोग हुने,

ङ. संग्रहालय प्रदर्शनीको अतिरिक्त शैक्षिक ज्ञान केन्द्रको रुपमा विकास हुने

च. संग्रहालयको लागि आवश्यक समान खरिद तथा संकलन गर्न सहज हुने

# २. के.आई.सिंह संग्रहालयको वर्तमान अवस्था

## २.१ संग्रहालय भवन एवं प्रदर्शनी कक्षहरुको वर्तमान अवस्था

एउटा संग्रहालय स्थापना गर्न तथा खोल्न पहिलो अनिवार्य एवं आवश्यकीय सर्त हो संग्रहालय भवन। संग्रहालय भवनको वस्तु संरचना यस्तै हुनुपर्दछ भन्ने सर्वमान्य सिद्धान्त छैन तर पनि प्रस्तावित संग्रहालयको प्रकृति तथा संग्रहालयको प्रदर्शनीको विषयवस्तु एवं स्थानीय वस्तुकला अनुसारको संग्रहालय भवन पनि निर्माण गरिन्छ। प्रस्तावित संग्रहालयको थिम वा विषयवस्तु जेसुकै भएपनि ऐतिहासिक संरचनाहरुलाई संग्रहालय प्रदर्शनीमा रुपान्तरण गर्ने गरेको पाइन्छ। नेपालकै र विश्वव्यापि सन्दर्भमा धेरै ऐतिहासिक दरबारहरुलाई संग्रहालयमा रुपान्तरण गरिएको छ। छुट्टै प्रयोजनका लागि निर्माण भएका यस्ता ऐतिहासिक संरचनाहरुलाई संग्रहालयमा रूपान्तरण गर्दा संग्रहालय प्रदर्शनीका सिद्धान्त एवं मूल्य मान्यताअनुसार प्रदर्शनीको व्यवस्था मिलाउन केही असहज पनि हुने गर्दछ। स्मारक संरक्षण सिद्धान्त अनुसार यस्ता ऐतिहासिक संरचनाको मौलिकता, स्वरूप एवं आकार-प्रकारमा परिवर्तन गर्नु हुँदैन र थप निर्माण कार्य गर्नु हुँदैन तसर्थ उपलब्ध स्थानमा नै प्रस्तावित संग्रहालय एवं प्रदर्शनी व्यवस्थापन गर्नुपर्ने हुन्छ। के.आई.सिंह को जन्मथलोमा संग्रहालय भवन निर्माण गरी स्थानिय भाषा,संस्कृति र पहिचान झल्किने खालका प्रदर्शनी विषय वस्तुलाई राखी प्रदर्शन गर्ने गरी संरचना निर्माण भएको छ। यस संरचनामा साना-ठूला गरेर बत्तिस वटा कक्षहरू रहेका छन्। एउटा संग्रहालय सञ्चालनको लागि पर्याप्त ठाउँ उपलब्ध छ। साथै संग्रहालय भवनको अवस्थिति पनि उपयुक्त स्थानमा अर्थात् सहजै पहुँच भएको ठाउँमा रहेको छ।

## २.२ सामाग्रीहरुङ्को प्रकृति र प्रदर्शनी

प्रर्दशनीमा राखिने सामग्रीहरु नै एउटा संग्रहालयको आत्मा हुन्। अबलोकनकर्तीहरु संग्रहालय प्रदर्शनीमा राखिएका महत्वपूर्ण सामग्रीहरु अवलोकन गर्न, जानकारी लिन, अध्ययन गर्न एवं त्यस्ता वस्तुहरुको हेरेर आनन्द लिन आएका हुन्छन्। संग्रहालयको मुख्य उद्देश्यअनुसार सामग्रीहरूको संकलन, प्राप्ति तथा प्रदर्शनीको व्यवस्था मिलाइएको हुन्छ। के.आई.सिंह संग्रहालयमा हाल सम्म कुनै पनि किसिमका विषय वस्तुहरु प्रदर्शनमा राखिएको छैन।

## २.३ संग्रहालयको प्रदर्शनी अवस्था

संग्रहालयमा संकलित वस्तु वा सामग्रीहरुलाई अवलोकनकर्ता तथा सर्वसाधारण समक्ष पुऱ्याउने प्रभावकारी माध्यम नै संग्रहालय प्रदर्शनी हो। संग्रहालय प्रदर्शनीले प्रदर्शित वस्तु र आगन्तुक एवं सर्वसाधारणबीच सेतुको काम गर्दछ। तसर्थ संग्रहालय प्रदर्शनी आकर्षक, प्रभावकारी एवं जबर्जस्त किसिमको हुनु आवश्यक मात्र होइन अनिवार्य नै हुन्छ। प्रदर्शनीमा राखिने वस्तुको प्रकृति एवं आकार-प्रकारको आधारमा सोहीअनुसारको सोकेश, पेडस्टल, प्यानलबोर्डको डिजाइन एवं निर्माण, प्रकाश एवं Background colour को संयोजन गरी आकर्षक तरिकाले प्रदर्शनीको व्यवस्था गर्ने गरिन्छ। के.आई.सिंह संग्रहालयको

वर्तमान प्रदर्शनीको अवलोकन गर्दा सामान्य प्रकृतिको देखिन्छ । प्रदर्शनीका लागि तयार पारिएका कोठाहरुको डिजाईनमा केही हेरफेर गरी प्रदर्शनीको सजावट र सामान अनुसार तयार पार्नुपर्ने देखिन्छ ।

## २.४ सेवा सुविधा

एउटा संग्रहालयले भिजिटरहरुलाई उपलब्ध गराउनुपर्ने पर्याप्त सेवा सुविधा उपलब्ध गराउन नसकिएको अवस्था छ । हाल सगहालय भवन सम्म जाने बाटोमा ग्राभेल पनि गरिएको छैन, बर्खाको समयमा आवत जावत गर्न पनि धौ-धौ पर्ने खालको बाटोको संरचना रहेको छ । संग्रहालयको वरीपरी घेरवार पनि छैन जसको कारणले गाई बस्तुहरुले गौचरन जस्तै बनाएका छन । त्यस्तै संग्रहालय भवन भित्र शौचालयहरु रहेका छन्  जसमा पानिको व्यस्थापन गरिएको छैन तिनीहरूको पनि थप सुधारको खाँचो छ ।

## २.५ व्यवस्थापकिय पक्ष र जनशक्ती अवस्था

संग्रहालय सञ्चालनको वर्तमान जनशक्तिलाई हेर्दा विषयगत दक्ष जनशक्ति एकजना पनि नभएको अवस्था छ । हाल संग्रहालयको स्थायी दरबन्दीमा कुनै पनि कर्मचरी छैनन् । संग्रहालयको दैनिक कार्य संचालनको लागि आवश्यक एक जना संग्रहालय हेरालो रुपमा दैनिक ज्यालादरीमा काम गरीरहेका छन ।

# ३. समस्याको पहिचान एवं प्रतिवेदनको आवश्यक्ता

प्रस्तुत प्रतिवेदनको यस भागमा के.आई.सिंह संग्रहालयको व्यवस्थापन, प्रदर्शनी सेवा सुविधालगायत संग्रहालयको विभिन्न समस्याहरूको पहिचान गर्ने प्रयास गरिएको छ ताकि प्रतिवेदनले त्यस्ता विद्यमान समस्याहरुलाई संवोधन गर्न सकोस र यस संग्रहालयको प्रभावकारी व्यवस्थापन गर्न सकियोस । साथै यस खण्डमा दीर्घकालीनरूपमा यसको स्तरोन्नतिका लागि प्रतिवेदनको आवश्यकताको बारेमा चर्चा गरिनेछ ।

## ३.१ संग्रहालयको प्रकृति एवं विषय (Theme) स्पष्ट नहुनु

यस संग्रहालयको प्रर्दशनीमा राखिने वस्तु एवं सामग्रीहरूको कुरा गर्दी सर्वप्रथम त संग्रहालयको उद्देश्य, प्रकृति एवं थेम स्पष्ट हुनु आवश्यक हुन्छ । यस संग्रहालयलाई Ethnographic museum को रुपमा वा कला संग्रहालयको रुपमा वा ऐतिहासिक संग्रहालयको रुपमा वा मिश्रित संग्रहालयको रुपमा विकास गर्न खोजिएको हो, स्पष्ट उद्देश्यका साथ स्थापित भएको पाइँदैन । यो नै मुख्य समस्या हो ।

## ३.२ सामग्री संकलन सम्बन्धी समस्या

के.आई.सिंह संग्रहालयको भवन निर्माणको लामो समय भैसक्दा पनि हालसम्म यस संग्रहालयको प्रदर्शनीमा कुनै पनि विषय वस्तु राखिएको छैन । प्रदर्शनीका लागि राखीने विषय वस्तु संकलन गर्नका लागि प्रायास भैरेहेको अवस्था छ । स्थानिय जन समुदाय संग रहेका सामाग्री खरिद गर्नको लागि माल वस्तुको मूल्य यकिन गर्न कुनै पनि प्रवधान रहेको छैन । सार्वजनिक खरिद ऐन,२०६४ र सार्वजिनक खरिद नियमावली,२०६४ पनि कुनै कसिमको प्रकृया बोलेको छैन । संग्रहालय निजकका सरोकारवालाहरुसंगको छलफलको क्रममा सम्बन्धित जातीय समुदायहरुसँग सम्पर्क गर्दा पनि संग्रहालय प्रदर्शनी प्रयोजनकालागि सामग्रीहरु प्राप्त हुन नसकेको व्यहोरा जानकारी हुन आएको छ । कस्ता-कस्ता प्रकृतिका सामग्रीहरुको संकलन गर्ने भन्ने अन्योलमा रहेको महसुस भएको छ ।

## ३.३ संग्रहालय प्रदर्शनी सम्बन्धी समस्या

संग्रहालय प्रदर्शनीका सर्वमान्य सिद्धान्तहरु नभए पनि यसका केही प्रचलित मूल्य मान्यताहरु अवश्य हुन्छन् । जस्तो प्रदर्शनीमा राखिने सामग्रीको प्रकृति, आकार-प्रकारको आधारमा सोकेशको डिजाइन, प्रकाश एवं Background color को संयोजन, Eye level maintain प्रष्ट एवं Visitor को आँखा सजिलै पर्ने ठाउँ, सजिलै पढ्न सक्ने लेबल, क्याप्सन राख्नु आदि । यी सबै कुराको प्रभावकारी संयोजनबाट एउटा संग्रहालय प्रदर्शनीलाई आकर्षक बनाउन सकिन्छ र धेरैभन्दा धेरै अवलोकनकर्ताहरुलाई आकर्षित गर्न सकिन्छ । प्रदर्शनीमा राखिने सामग्रीहरूको प्रकृति, आकार-प्रकारको आधारमा सोकेशहरुको डिजाइन गरेको पाइदैन ।

## ३.४ संग्रहालय सेवा सुविधा

एउटा संग्रहालयको मुख्य उद्देश्य नै सर्वसाधारण एवं आगन्तुकहरुको सेवा गर्नु हो । संग्रहालयहरु आगन्तुक एवं सर्वसाधारणकालागि स्थापना भएका हुन्छन् । एउटा संग्रहालयले आगन्तुकहरुलाई आवश्यकीय सुविधाहरु जस्तो शौचालय, क्यान्टिन, संग्रहालय गाईड, पुस्तकालय, उपहार पसल, श्रव्य दृश्यको व्यवस्था, अध्ययन-अनुसन्धानको सुविधा, संग्रहालय

अवलोकन क्रममा अवलोकनकर्ताहरुलाई आराम गर्ने ठाउँ आदि उपलब्ध गराउनु पर्दछ। तर के.आई संग्रहालयको सन्दर्भमा माथी उल्लेखित सेवा सुविधाको व्यवस्था हुन नसकेको अवस्था छ।

## ३.५ संग्रहालय प्रवर्द्धन सम्बन्धी क्रियाकलाप

एउटा संग्रहालयको विकास एवं प्रवर्द्धनका लागि विभिन्न कार्यक्रमहरु जस्तो प्रचार-प्रसार, संग्रहालय शिक्षा, गाईडबुक, एवं संग्रहालय प्रदर्शनी परिचय पुस्तिका लेखन एवं प्रकाशन आदि धेरै कार्यहरु गर्न सकिन्छ। तर यस संग्रहालयको प्रवर्द्धनका लागि यस्ता कुनैपनि क्रियाकलापहरु हुन नसकिरहेको अवस्था छ।

# ४. चुनौती, संभावना एवं अवसर

## ४.१ सवल पक्ष

एउटा संग्रहालय स्थापना एवं संञ्चालनको लागि संग्रहालय प्रदर्शनीमा राखिने वस्तुहरु/सामाग्रीहरु र संग्रहालय भवन नै पहिलो आवश्यकीय शर्त हो । यस संग्रहालयको सन्दर्भमा प्रदर्शनीको प्रयोजनको लागि पर्याप्त ठाउँ सहितको ऐतिहासिक के.आई.सिंह भवन निर्माण भएको छ । के.आई.सिंह गाउँपालिकाले आफ्ना अन्य विकास निर्माणका कार्यहरुलाई थाती राखी गाउँपालिको बजेटबाट संगारहालय भवनको निर्माण गरेको हो । त्यस्तै एउटा संग्रहालयको लागि आवश्यक संग्रहालय भवन परिसरको खुल्ला क्षेत्र यहाँ पर्याप्त मात्रामा उपलब्ध छ । साथै संग्रहालय भवन सम्म जाने सडको ट्याक खुली सकेकोले सडकको स्तरोन्नती गर्नसके संग्रहालय सम्म जान सहजीकरण हुन्छ । जिल्ल सदरमुकामबाट जण्डै ४२ कि.मि र दिपायल पिपल्ला र राजपुर बजारबाट करीब ३२ कि.मि.को दुरीमा रहेकोले पर्यटहरुको लागि आवतजावत मा समेत सहजीकरण हुने देखिन्छ ।

## ४.२ कमजोर पक्ष

प्रतिवेदनले प्रस्ताव गरेका कार्यक्रम एवं कार्ययोजनाहरु जस्तो संग्रहालय प्रदर्शनीको व्यवस्थापन, संग्रहालय सेवा-सुविधा सम्बन्धी कार्यहरु साथै संग्रहालय प्रवर्द्धन सम्बन्धी विभिन्न कार्यहरु, संग्रहालय विज्ञान सम्बन्धी विषय अध्ययन गरेका विषयगत दक्ष जनशक्तिहरुबाट गराउनुपर्ने हुन्छ । तर हाल के.आई.सिंह संग्रहालयमा एकजना पनि दक्ष जनशक्ति नभएको अवस्था छ । साथै प्रतिवेदनले प्रस्ताव गरेका सम्पूर्ण कार्यक्रमहरु कार्यान्वयन गर्न आर्थिक अभाव पनि हुन सक्छ । जनशक्तिको अभाव यसको ठूलो कमजोर पक्षको रुपमा रहेको छ ।

## ४.३ चुनौतीहरु

प्रतिवेदनले प्रस्ताव गरेका कार्यक्रम तथा क्रियाकलापहरु कार्यान्वयन गर्न विभिन्न चुनौतीहरुको सामना गर्नुपर्ने हुन्छ । यस संग्रहालयका लागि स्थानिय सरकारले तत्कालै पर्याप्त जनशक्तिको व्यवस्था गर्न सकिहाल्ने अवस्था देखिदैन । जबकी प्रतिवेदनले प्रस्ताव गरेका कार्ययोजनाहरु कार्यान्वयन गर्नको लागि पर्याप्त मात्रामा जनशक्तिको आवश्यकता पर्दछ । संग्रहालय प्रदर्शनीको प्रयोजनका लागि सामाग्री एवं वस्तुहरु जुटाउने तथा संकलन गर्ने कार्य अर्को ठूलो चुनौतीको रुपमा देखिएको छ । प्रस्तावित कार्ययोजनाहरु मध्ये धैरैजसो कार्ययोजनाहरु संगसंगै कार्यान्वयन गर्दा मात्र सार्थक नतिजा आउने हुन्छ । यसका लागि ठूलै आकारको आर्थिक श्रोत र जनशक्तिको आवश्यकता पर्दछ ।

## ४.४ अवसर एवं संभावना

यो प्रतिवेदन के.आई.सिंह गाउँपालिकाको अग्रसरतामा तयार भएको छ । साथै अन्य सरोकारवाला निकायहरु र स्थानीयहरु समेत उत्सुकताका साथ यो प्रतिवेदनको पर्खाइमा रहेको बुझिएको छ । यी दुवै निकायको समन्वयन र प्रतिवद्धता नै यो संग्रहालयको प्रवर्द्धन र स्तरोन्नतीको ठूलो अवसरको रुपमा हेर्न सकिन्छ । साथै अन्य सरोकारवालाहरुको साथ सहयोग रहने कुरामा पनि दुईमत छैन । यस संग्रहालयलाई विकास एवं विस्तार गर्ने संग्रहालय एवं पालिकाको प्रतिवद्धता र अन्य सरोकारवालाहरुको यसलाई स्तरीय संग्रहालयमा रुपान्तरण गर्न चाहनुलाई यसको विकासको लागि ठूलो अवसरको रुपमा लिन सकिन्छ ।जनसाधारण तथा अवलोकनकर्ताहरुको यो संग्रहालय अवलोकन गर्ने चाहना एवं उत्सुकता बढ्दो छ । तसर्थ संग्रहालयलाई स्तरीय बनाई पर्याप्त सेवा सुविधाको व्यवस्था गरी जिल्लाकै सर्वोत्कृष्ट संग्रहालयकोरुपमा विकास गर्नसक्ने ठूलो अवसर छ ।

# ५. संग्रहालयको स्तरोन्नती एवं प्रवर्द्धन सम्बन्धी प्रस्ताव एवं सुझावहरु

यस अध्ययनको यो भाग नै महत्वपूर्ण खण्ड हो। यस खण्डमा के.आई.सिंह संग्रहालयको मुख्य विषय (Theme) र संग्रहालयको स्तरोन्नती एवं प्रवर्द्धनका लागि विभिन्न प्रस्तावहरु गरिएका छन्।

## ५.१ संग्रहालयको मुख्य विषय (Theme)

कुनैपनि संग्रहालयको प्रकृति, उद्देश्य तथा मुख्य विषय-वस्तु के हुने वा हुन्छ भनेर स्पष्ट हुनु आवश्यक हुन्छ। संग्रहालय प्रदर्शनी, व्यवस्थापन, सामग्री संकलन, प्राप्ती, प्रदर्शनी कक्षको डिजाइन आदि कार्यहरुलाई संग्रहालयको मुख्य विषयवस्तु तथा उद्देश्यले निर्देशित गर्नु पर्दछ। यी सबै कार्यहरु संग्रहालयको प्रकृति एवं विषयवस्तुको वरिपरि घुम्ने हुनु पर्दछ। संग्रहालयको वर्तमान प्रदर्शनीलाई हेर्दा यो मिश्रित प्रकृत्तिको देखिन्छ। संग्रहालयको मुख्य विषय वा उद्देश्य स्पष्ट भइनसकेको अवस्था छ। तसर्थ यस संग्रहालयको प्रवर्द्धनको सन्दर्भमा पहिलो आवश्यकता यसको विषयवस्तु (Theme) तथा उद्देश्य निश्चित हुन आवश्यक देखिन्छ। हाल संग्रहालयको प्रदर्शनीमा कुनै पनि बिषय वस्तु नराखिएकाले यसलाई यस्तै किसिमको संग्रहालय भन्न सकिने अवस्था छैन।

यस संग्रहालयमा वर्तमान अवस्थामा प्रदर्शनीमा कुनै पनि सामग्रीहरू राखिएका छैनन्। के.आई.सिंह संग्रहालयको आवश्यकता आदिलाई मध्यनजर गर्दै यस संग्रहालयको निम्न मुख्य र सहायक विषय वस्तुहरुमा विभक्त गरि प्रदर्शनीको व्यवस्था मिलाउन प्रस्ताव गरिएको छ -

### क) मुख्य विषय-वस्तु

**अ) मूर्ति, फोटो (मूर्ति (देवदेवता तथा जनावर)**

के. आई. सिंहको मुर्ती तथा फोटोहरु, देवीदेवताका पुराना एवम एतिहासिक मुर्तीहरु, राजारजैटा एवम एतिहासिक घटनाहरूको विम्ब झल्कने मुर्ती एवम तस्विरहरु, गोर्खाली फौजसंग नारीदांगमा लडेको तस्विरहरू,गाउँपालिका एवं डोटीको पर्यटन,सास्कृतिक सम्पदाहरुका फोटोहरु,जातजाती भेषभुषा झल्किने तस्बिर आदि।

**आ) भान्सा सामग्री**

चाखुडेखुरे (अचार हाल्ने काठको भाडा), भट्टकी चिम्टा (काठको चिम्टा जुन काठ बङ्गाउन सकिन्छ), सिउराल्लो (तीनचार वटा ठेकी झुण्ड्याउने काठको सामान), भेटे र कॉठे (बाँसको ठेकी र काठको ठेकी), काँसको भड्डु, ताउला, माटाका भाँडाकुँडाहरू, काठको पाल्लो (चुक राखे सामाग्री), काँसका थाल, कचैरा,चाडी (तेल हाल्ने),जाँती, दुध हाल्ने बेल,भात पकाउने धोती,फुङ्लो राख्ने सिरुडो,काठ दाउरा,हत्वा,ठेलो (बस्ने),फुङ्लो,कसुन्नो , ठेल्वा,लोडो-सिलौटो,डाडु-पन्यू,थाली, गाग्री,करुवा

**इ) पुजा सामग्री**

दियो, कलस, शंख, भोक्कर, घण्ट, त्रिसुल,अर्घ्या, औसेक सामाग्री,तामाको भाडा,आचमन,पूजा थाली,चमर (चौरीगाईको पुछ) ,दुना टपरी,बेदको लठ्ठी।

**ई) कृषि औजार**

सुप्पो, गहुचाल्ने चाल्लो, खुर्पेकाटो, कर्द, आँसी, भैसे घाँड, निकान, कोलको नमुना,मई-मैलडो
मालुका ख्चा,ताडो (धान चुट्ने),डुरो फुङ्गो (धान गहु राख्ने), मालुका पातको पोको,जाँती (उखु र चुक पेल्ने),हलोभाडो ,गल्याउ-किलो (दाम्लो),पानीघट्ट, हलोभाडो, मुनु(स्यापो),

**उ) पेशागत औजार**

दरी बुन्ने तान, सर्पु, जाले डोको, जाबो, चाणी, पाल्लो, फिनु बुन्ने तान, घोडी जेउडो (जेउडो र जेउडोमा झुण्ड्याइएको काठको भी आकारको सामग्री) काठको कागज हाल्ले तान हत्तो काठको भाँडा निकाल्ने समान बड्कुटो (काठको कागज हाल्ले तान), हत्तो काठको भाँडा निकाल्ने समान, गोदो, सोलो, दामनणो-दाउलडो, लुणु हलुणो, छालाको चाल्लो, जितारो, सुल्पो, हुक्का, बाँसकी गुलेली, ओखल मुसल, हुक्का चिलिम, सुल्फा, पासो,सर्बु (लुगा हाल्ने),लुगा धुने मौरो,तालु-आगलो ढोकामा लगाउने साङ्गलो,खोई लठ्ठी,ओखल मुसल,गागरो,स्याउला हाल्ने जाल,माछा मार्ने जाल ,माहुरीको घार , टुकी,लालटिन,ग्यास,सुयो-धागो,तमाखु राख्ने थैली,

**ऊ) कला कृति**

केटीको इझमुली, ठूली बर्यालको नागाणुण पाला, मन्याठो, पग गाणण बाँध्ने सेतो कपडा), कल्ली, डोला, कार्पेट, जालेमाला, प्वालेमाला, दही पोते, काली पोते, कम्पनी माला, गजीका गामुन, दोफाले भोटे, साप्परका जुता, ढाल, तरवाल, भुजेली, भाला, दोनाले बन्दुक, बुड्गेमाला, स्वारड्गे चाप्की, पोले बेरेर लगाउने पेली पोते, हुड्को र हड्केलीको पोशाक, (हुड्केले लगाउने सबै), तार्को (एक मी. जतिको काठको सामग्रीसामान जो धागो बेर्न प्रयोगमा आउँछ), डोट्याली बाजागाजा, ढुंग्री, जोडी,कन्जेउडी,

**ए) सांस्कृति,भेषभुषाका सामाग्रीहरु**

फूली, मुदडी, मुदडा, बाला, श्रीबन्दी, कानको बाली, कन्ज्यौडी, अमौछा, लुंगी, भोटो

**ऐ) जैविक वस्तुहरु**

घरपालुवा तथा जंगली जीवजन्तुका अंगहरू, रैथाने बालीनाली तथा खाधान्नका बीउँहरू, बोटहरू

**ओ)घरयासी सामानहरु**

झुलो ठिन्का, लाफे मालुका पातको ठेउको, धान्ना (मालुका पातको नुन हाल्ने भाँडो आवश्यकता अनुसार बनाइएको), मुनानी, पारो, कोथला, बोदला, छालाको तमाखु हाल्ने थैली, इमिला पेल्ले जाँती, जाल, जाबो, सर्प, झाप्पुने डोका, मुनु, चर्खा, ऐटो (कपास प्रशोधन गर्ने काठको सामग्री चर्काको सामान), तामा घडी, ताक, जतेउडो, घट्टको नमुना, तालु (प्राना दिनको ताल्चा), निगालाको काइयो, नुन हाल्ने धान्ना (मालुका पातको खुचो), निगान, बासुलो, रामु

## ख. सहायक विषय-वस्तु

**अ) के.आई.सिंहका वैक्तिक उपभोग्य सामाग्रीहरु**

लुगाकपडा, पत्रपत्रिका, चश्मा, जुत्ता, कलम, हतियार, तस्विरहरू

आ)**के.आई.सिंहको परिचय र ईतिहास**

संग्रहालयको आवश्यक्ता अनुसार वस्तु थप-घट गर्न सकिनेछ।

## ५.२ वर्तमान संग्रहालय भवनको उपयोग सम्बन्धी प्रस्ताव

यस अध्ययनको यस खण्डमा वर्तमान संग्रहालय भवनका सबै तला एवं कक्षहरूको उपयोगसम्बन्धी प्रस्ताव गरिएको छ।

### ५.२.१ तलाहरूको विषय एवं उपयोग

**क) भुइँतला**

यस अध्ययनको अनुसूचीमा रहेको नक्सामा देखाएजस्तै वर्तमान संग्रहालय भवनको भुइँतलालाई निम्नानुसार उपयोग र विषय-वस्तु प्रस्ताव गरिएको छ -

१. डोटी जिल्लाको परिचय

२. के.आई.सिंहको भौगोलिक एवं जनसांखीक परिचय

३. के.आई.सिंहको इतिहास

४. के.आई.सिंहका महत्वपूर्ण मूर्त सांस्कृतिक सम्पदाहरुको मोडेल र तस्वीरहरु त्यस्तै सांस्कृतिक सम्पदा सम्बन्धी जीवन्त सामाग्रीहरु

५. अस्थायी प्रदर्शदनी कक्ष एउटा व्यवस्थित संग्रहालयका लागि समय समयमा अस्थायी रुपमा प्रदर्शनीको आयोजना गर्न एउटा कक्ष प्रस्ताव गरिएको छ।

६. सभा हल र पुस्तकालय

७. जातीय वस्त्र सहितको फोटो कक्ष अवलोकनकर्ताहरुको आ-आफ्नो वा विभिन्न जातीय भेषभूषामा तस्वीर लिन चाहने तिव्र ईच्छालाई मध्यनजर गर्दै संग्रहालय अवलोकन पछि ऊनीहरुलाई यो सेवा उपलब्ध गराउन प्रस्ताव गरिएको छ। यसका लागि विभिन्न जातीय भेषभूषा सहितको एउटा कक्ष प्रस्ताव गरिएको छ।

८. टिकट काउण्टर र locker कक्ष

९. सूचना केन्द्र

**ख) पहिलो तला**

यो तला यस संग्रहालयको विशेष महत्वको र आकर्षक हुनेछ। यहाँ के.आई.सिंहका विभिन्न जातीय समुदायहरुलाई प्रतिनिधित्व गर्ने सामाग्रीहरु प्रदर्शनीमा राख्न प्रस्ताव गरिएको छ। साथै वर्तमान मगर समुदाय, दलित समुदायसंग सम्बन्धित प्रदर्शनी यथास्थानमा रहने गरि अन्य जातिको प्रदर्शनी व्यवस्था मिलाउने गरि प्रस्ताव गरिएको छ।

१. मगर जाती सम्बन्धी प्रदर्शनी

२. दलित जाती सम्बन्धी प्रदर्शनी

३. खस-आर्य समुदाय सम्बन्धी प्रदर्शनी

४. सैनिक सामाग्रीहरु

५. के.आई.सिंहसंग सम्बन्धी सामाग्रीहरु

६. संग्रहालय प्रशासन, भण्डार

## ५.३ सामग्री सङ्कलन गर्ने तरिका तथा प्रक्रिया

संग्रहालय प्रदर्शनीमा राखिने सामग्रीहरु संकलन एवं प्राप्त गर्ने तरिका तथा प्रक्रियाहरु संग्रहालयको प्रकृति एवं विषयमा पनि निर्भर गर्दछ। तर पनि संग्रहालय सामग्रीहरुको संकलन गर्ने तथा प्राप्त गर्ने केही प्रचलित तरिका एवं विधिहरू छन्। यस संग्रहालयको सन्दर्भमा पनि ति तरिका तथा प्रक्रिया आकर्षित हुन्छन्, जो निम्न छन्-

क) उपहारस्वरूप प्राप्त गर्ने (Donation)

ख) खरिद गर्ने (Purchase)

ग) व्यापारिक घरानाहरूको सहयोग (Support of big business houses)

घ) अन्य प्रक्रिया

**(क) उपहारस्वरूप प्राप्त गर्ने**

संग्रहालय प्रदर्शनी प्रयोजनका सामग्री एवं वस्तुहरु प्राप्त गर्ने उत्तम तरिका मध्येको एक हो सामग्रीहरु उपहारस्वरूप प्राप्त गर्नु । यस संग्रहालयको लागि सम्बन्धित जातीय समुदायहरुले, व्यक्तिहरुले आफ्नो संकलनमा रहेका महत्वपूर्ण सामग्रीहरु संग्रहालयलाई उपहारस्वरूप प्रदान गर्न सक्नेछन् । संग्रहालयलाई उपहारस्वरुप सामग्री उपलब्ध गराउने समुदाय वा व्यक्तिलाई संग्रहालयले धन्यवाद पत्र दिनु पर्दछ र प्रदर्शनी परिचयपत्रमा सामग्री उपलब्ध गराउने समुदाय वा व्यक्तिको नाम उल्लेख गरिदिनु पर्दछ । यस कार्यले बढीभन्दा बढी समुदाय वा व्यक्तिहरुलाई सामग्री उपलब्ध गराउन अभिप्रेरित गर्न सक्छ । यसका लागि सम्बन्धित समुदायका अगुवाहरुलाई आमन्त्रण गरेर कार्यक्रम गर्न सकिन्छ ।

**(ख) खरिद गर्ने**

संग्रहालय प्रदर्शनीको प्रयोजनकालागि सामग्रीहरुको संकलन गर्ने अर्को तरिका हो खरिद गर्ने । तर सामग्री खरिदका केही निश्चित मूल्य मान्यताहरु स्थापित हुनु पर्दछ जस्तो कस्ता सामग्रीहरु खरिद गर्ने, कोसँग र कसरी खरिद गर्ने, त्यस्ता वस्तुहरूको खरिद मूल्य कसरी निर्धारण गर्ने आदि । संग्रहालयको विषय एवं प्रकृतिको आधारमा सामग्री खरिदको नीति अवलम्बन गर्नुपर्दछ । के.आई.सिंह संग्रहालयको प्रयोजनका लागि प्रचलित मूल्य मान्यताहरु उत्तिकै आकर्षित हुन्छन्, तसर्थ यस संग्रहालय प्रयोजनका लागि सामग्री खरिद गर्दा निम्नानुसार गर्न सिफारिस गरिएको छ-

१. जातीय संस्कृतिसँग सम्बन्धित सामग्रीहरु खरिद गर्दा मौलिक, आधिकारिक एवं पुराना सामग्रीहरु खरिद गर्ने, सकभर सम्बन्धित समुदाय वा व्यक्तिबाट खरिद गर्नु राम्रो हुन्छ,
२. नयाँ सामग्री तयार गरेर खरिद गर्ने परिपाटीलाई दुरुत्साहित गर्ने, र सकेसम्म निशुल्क रुपमा समाग्रीहरुको संकलन गर्ने ।
३. कुनै जातीय संस्कृतिको क्रमबद्धतालाई पूर्णता दिन अन्य कुनैपनि स्रोतहरूबाट उपलब्ध हुन नसकेको अवस्थामा कुनै जातिगत समुदायको संस्कृतिको प्रतिनिधित्व गर्ने सामग्रीहरु अन्य स्रोतबाट उपलब्ध हुन नसकेको अवस्थामा बजारबाट वा अन्य स्रोतबाट नयाँ सामग्री खरिद गर्न सकिने तर यसो गर्दा सम्बन्धित समुदाय र सम्बन्धित विषयका विज्ञहरूसँग परामर्श लिनु उपयुक्त हुन्छ,
४. नेपाल सरकारको प्रचलित खरिद ऐन एवं नियमहरु यस्ता वस्तुहरूको खरिद मूल्य र खरिद गर्ने प्रक्रियाहरुको बारेमा स्पष्ट व्यवस्था नभएकोले जिल्लास्तरीय वा प्रदेश स्तरीय संयन्त्र बनाई खरिद गर्न उपयुक्त हुन्छ,
५. सम्बन्धित समुदायहरुसँग सोझै खरिद गरिएका सामग्रीहरूको सम्बन्धमा समुदायका आधिकारिक संस्थाहरुले निर्धारण गरेको खरिद मूल्यलाई पनि आधार मान्न सकिन्छ ।
६. कार्यपालिकाबाट अनुमानित खरिद दररेट स्वीकृति गरी स्थानिय स्तरमा रहेका सहकारी संस्थाहरु,संघ संस्थाहरु र अन्य सप्लायर्सहरुबाट (कोटेसन) बोलकबोलको सुचना जारी गरी खरिद गर्ने ।

**(ग) व्यापारिक घराना एवं अन्यको सहयोग**

कतिपय उच्च घराना मानिसहरूको पुराना, आश्चर्यलाग्दा वस्तुहरु, ऐतिहासिक दस्तावेजहरु संकलन गरेर राख्ने सौख हुन्छ। यस्ता वस्तुहरु सार्वजनिक नगदी एकातिर त्यस्ता वस्तुहरुको महत्व सार्वजनिक हुन नपाउने हुन्छ भने त्यस्ता वस्तुहरूको संरक्षणको अभावमा नष्ट भएर इतिहास, संस्कृति नै लोप हुने सम्भावना हुन्छ । तसर्थ

संकलनकर्तीहरुलाई त्यस्ता वस्तुहरु संग्रहालयलाई उपहारस्वरुप दिन वा संग्रहालयलाई बिक्री गर्न प्रेरित गर्नु पर्दछ । यसका लागि संग्रहालयले पहल गर्नुपर्दछ र यस संग्रहालयलाई पनि यसका लागि पहल गर्न सिफारिस गरिन्छ ।

**(घ) अन्य प्रक्रिया**

यस्तै प्रकृतिका अन्य संस्थाहरु एवं सम्बन्धित सरकारी निकायहरु बाट पनि संग्रहालय प्रदर्शनी प्रयोजनका सामग्रीहरु प्राप्त गर्न सकिन्छ यी बाहेक अन्य उपयुक्त तरिकाबाट सामग्रीहरु प्राप्त गर्न वा संकलन गर्न सकिन्छ ।

## ५.४ विवरण सूची

कुनैपनि संग्रहालयको महत्वपूर्ण कार्यहरु मध्येको एक हो संग्रहालय प्रदर्शनीमा रहेका र संकलनमा रहेका सामग्रीहरूको पूर्ण विवरण सहितको विवरणसूची तयार गरेर राख्नु । साथै निश्चित अवधिमा अध्यावधिक गरिरहनु पर्दछ । यस्ता विवरणसूचीहरु संक्षिप्त तर वस्तुको पूर्ण जानकारी दिने हुनुपर्दछ । विवरणसूची तयार गर्ने कुनै सर्वमान्य ढाँचा वा नमुना हुँदैन। तसर्थ संग्रहालय स्वयंले प्रदर्शित एवं संकलित वस्तुको प्रकृतिका आधारमा ढाँचा वा नमुना विकास गर्न सक्दछन् । सामान्यतया यस्ता सूचीहरू कम्तीमा दुई प्रति तयार गर्न प्रस्ताव गरिन्छ । वस्तु वा सामग्रीको प्रकृतिका आधारमा वस्तुको दर्ता नंबर., नाम, आकार-प्रकार, माध्यम, नाँप जाँच, तौल, समय, निमर्माता, प्राप्त स्रोत, प्राप्ति वा सङ्कलनको तरिका (उपहार हस्तान्तरण, खरिद आदि), पहिचान गर्न सकिने फोटो, वस्तुको महत्व तथा विशेषताको बारेमा छोटो जानकारी आदि कुराहरु समावेश भएको विवरणसूची बनाउन सकिन्छ । वस्तुको प्रकृतिका आधारमा यी कुराहरु थपघट हुन सक्छन् । यस संग्रहालयको सन्दर्भमा पनि यिनै कुराहरु आकर्षित हुनसक्छन् । यस्ता विवरणसूचीहरु संग्रहालय प्रयोजनका लागि त अति आवश्यक औजार हुन् नै, यसको अलावा अध्ययन अनुसन्धानको प्रयोजनका लागि उत्तिकै महत्वपूर्ण हुन्छन् । यी सबैको अतिरिक्त दुर्भाग्यवस संकलित तथा प्रदर्शित वस्तुहरु हराएमा वा चोरी भएमा त्यस्ता वस्तुहरु प्राप्त गर्न र चोरलाई कारबाही गर्न आधिकारिक प्रमाणको काम गर्ने भएकाले पनि संग्रहालयले आफ्ना सामग्रीहरूको विवरण सूची तयार गर्नु आवश्यक मात्र होइन अनिवार्य नै हुन्छ ।

## ५.५ संरक्षण सुरक्षा

संग्रहालय एवं प्रदर्शित वस्तुहरुको संरक्षण एवं सुरक्षा गर्नु एउटा संग्रहालयको प्रमुख दायित्व हो ।

**(क) संरक्षण**

संरक्षणमा खासगरी प्रदर्शनमा राखिएका एवं संकलित वस्तुहरुलाई क्षतिबाट बचाउने कार्यहरु पर्दछन् । यस्ता वस्तुहरुलाई मानवीय एवं प्राकृतिक कारणले क्षति पुग्ने गर्दछ। क्षतिको कारण र स्वरुप वस्तुको प्रकृति, वस्तु बनेको माध्यममा निर्भर गर्दछ। संग्रहालय वस्तुहरुलाई खास गरेर स-साना जैविक किटाणुहरु, अत्यधिक प्रकाश, ओस, धुलो, प्राकृक्तिक अर्थात् स्वभाविक रुपमा जीर्ण हुनु आदि विविध कारणले क्षति पुग्ने गर्दछ । तसर्थ क्षतिको कारण अध्ययन गरी संरक्षण व्यवस्था मिलाउनु पर्दछ । यस संग्रहालयको सन्दर्भमा अधिकांश सामाग्रीहरु नयाँ प्रकृतिका भएकाले संरक्षणको आवश्यकता देखिएको छैन तर भविष्यमा संरक्षण कार्य गर्नु आवश्यक हुने भएकाले एक जना संरक्षणसम्बन्धी जनशक्तिको व्यवस्था गर्नु आवश्यक छ ।

**ख. सुरक्षा**

संग्रहालय सुरक्षा संग्रहालय प्रशासनको अर्को महत्वपूर्ण कार्य हो। यस अन्तर्गत प्रदर्शित एवं संकलित वस्तुहरूको सुरक्षादेखि लिएर संग्रहालय भवन तथा संग्रहालयको सम्पूर्ण भौतिक सम्पत्तिको सुरक्षाका कार्यहरु पर्दछन् । संग्रहित एवं प्रदर्शित वस्तुहरु चोरी हुन नदिनु संग्रहालय सुरक्षाको मुख्य कार्य हो । निम्न दुई तरिकाबाट सुरक्षा प्रबन्ध मिलाउन आवश्यक हुन्छ-

**१) बाह्य सुरक्षा**

यस अन्तर्गत संग्रहालय भवन बाहिरको सुरक्षा व्यवस्था पर्दछ । संग्रहालयलाई बाहिरबाट हुनसक्ने एवं संभाव्य खतरा तथा चुनौती रोक्न वा नियन्त्रण गर्न सुरक्षाकर्मीको व्यवस्था गरिन्छ । सुरक्षाकर्मीहरुले संग्रहालयलाई चौविसै घण्टा पहरा दिनुका साथै सुरक्षा जाँच लगायत संग्रहालयको पूर्ण निगरानी गर्दछन् । यस संग्रहालयको सन्दर्भमा दुई विकल्पमध्ये एक विकल्पको सुरक्षा व्यवस्था मिलाउन सुझाइएको छ। पहिलो विकल्पमा १-४ को नेपाल प्रहरीको व्यवस्था, दोस्रो विकल्प निजी क्षेत्रका सुरक्षा कम्पनीबाट सेवा लिने । Fire-Alarm, fire extinguishers External Fire Exit राख्न सकिने हुन्छ ।

**२) आन्तरिक सुरक्षा**

आन्तरिक सुरक्षामा प्रदर्शित वस्तुहरु लगायत संग्रहालयका सम्पूर्ण सामाग्रीहरुको सुरक्षा सम्बन्धी कार्य पर्दछ । विभिन्न विधि एवं तरिकाहरु अवलम्बन गरेर आन्तरिक सुरक्षालाई मजबुत एवं प्रभावकारी बनाउन सकिन्छ । प्रत्येक प्रदर्शनी कक्षमा एक-एक जना ग्यालरी गार्ड खटाएर उनीहरुद्वारा प्रदर्शित वस्तु र अवलोकनकर्ताहरुको निगरानी गर्न लगाउन सकिन्छ । आन्तरिक सुरक्षाका लागि CCTV क्यामेराबाट निगरानी गर्ने व्यवस्था मिलाउन पनि प्रस्ताव गरिएको छ । संग्रहालय प्रदर्शनीका विभिन्न कक्षहरुमा Fire-Alarm and fire extinguishers राख्न प्रस्ताव गरिएको छ ।

यस प्रकार म्यानुअल र विद्युतीय सुरक्षा प्रणालीबाट संग्रहालयको सुरक्षा प्रबन्ध मिलाउन प्रस्ताव गरिएको छ । अन्य सुरक्षाका उपायहरु पनि अवलम्बन गर्न सकिन्छ ।

## ५.६ संग्रहालय अवलोकन मार्ग

संग्रहालयको सुरक्षाको लागि र आगन्तुकहरुको प्रवेश र बाहिर निस्कने व्यवस्थालाई सहज बनाउन, अनावश्यक तथा अनधिकृत आवागमन नियन्त्रण गर्न संग्रहालय अवलोकन मार्ग निश्चित गर्नु आवश्यक हुन्छ । त्यस्तै संग्रहालय प्रदर्शनीको क्रमबद्धरुपमा अवलोकनको व्यवस्था मिलाउन पनि प्रवेश र बाहिर निस्कने द्वार सुनिश्चित गर्न यसै अध्ययनको अनुसूचीमा समावेश गरिएको नक्सामा यस संग्रहालयको अवलोकन गर्न बायाँबाट दायाँतर्फ (Clock wise) हुँदै प्रवेश गर्ने र बाहिर निस्कने मार्ग अर्थात् अवलोकन मार्ग प्रस्ताव गरिएको छ ।

## ५.७ सेवा सुविधा

आगन्तुक तथा अवलोकनकर्ताहरुलाई विभिन्न सेवा सुविधाहरु उपलब्ध गराउनु संग्रहालयको अर्को महत्वपूर्ण कार्य हो। यस संग्रहालयको सन्दर्भमा निम्न सेवा सुविधाको व्यवस्था गर्न प्रस्ताव गरिएको छ-

क. टिकट काउन्टर

ख. क्यान्टिन

ग. श्रव्यदृश्य समाग्री

घ. सभाहल

ङ. संग्रहालय गाईड

च. अवलोकनकर्ताहरुलाई आराम गर्ने ठाउँ

छ. उपहार पसल

ज. फोटो बुथ

## ५.७ प्रवद्धन सम्बन्धि कार्यहरु

क. प्रचार प्रसार

ख. पुस्तकालय

ग. अध्यायन अनुसंधान

घ. संग्रहालय शिक्षा

ङ. गाईडबुक लेखन र प्रकाशन

च. समाजसंग स्थापना

छ. अन्तराष्ट्रिय संघ-संस्थाहरुसंग सम्बन्ध स्थापना

## ५.८ संग्रहालय परिसरको स्तरोन्नती

एउटा संग्रहालयलाई आकर्षकरुपमा प्रस्तुत गर्न संग्रहालय भवनको वास्तु र संग्रहालय परिसरको सुन्दरीकरण कार्यको महत्वपूर्ण योगदान रहन्छ। यस संग्रहालयको भवन Neo- Classical वास्तुकलाको उत्कृष्ट नमूना भएकोले संरचना स्वयमं अवलोकनीय छ। संग्रहालयलाई प्राप्त हुने सम्पूर्ण जग्गा/ठाउँको यकिन भएपछि यस डिजाइन एवं योजनको पुनरावलोकन गर्न सकिनेछ।

१. के.आई.सिंह संग्रहालयको स्वामित्वमा रहेको भवन परिसरको सम्पूर्ण जग्गा के.आई.सिंह संग्रहालय आफैले पूर्ण रुपमा उपभोग गर्ने गरि रहनु आवश्यक छ। तसर्थ के.आई.सिंह संग्रहालय लगायतका सरोकारवाला निकायलाई भवनको स्वामित्वको रुपमा रहेको जग्गाको क्षेत्रफल यकिन गर्न र संग्रहालयले उपभोग गर्न पाउने व्यवस्था गर्न जोडदार सिफारिस गरिन्छ

२. हाललाई उपलब्ध ठाउँलाई मध्यजनर गरि संग्रहालय परिसरको उपयोग एवं आकर्षक बनाउन निम्न प्रस्ताव गरिएको छ -

क) संग्रहालय प्रयोजनका लागि अति आवश्यकीय संरचना बाहेकका अनावश्यक अन्य संरचनाहरु निर्माण नगर्न प्रस्ताव गरिन्छ। संग्रहालय परिसरका अनावश्यक संरचनाहरुले एकातिर संग्रहालय परिसरलाई साँघुरो बनाउँदछ भने अर्कातिर संग्रहालय भवन स्वयंको र परिसरको दृष्यात्मक सौन्दर्यलाई असर पुऱ्याउँदछ,

ख) पूर्वतर्फको प्रवेशद्वार बाहिर सुरक्षाकर्मीका लागि सामान्य संरचना बनाउन सकिने छ।

ग) हाल संग्रहालय परिसरमा शौचालयला नभएकाले सौचालय निर्माण गर्न आवश्यक देखिन्छ

घ) संग्रहालय परिसरलाई गाडी पार्किङ र बगैंचा विकास विस्तार गर्ने प्रयोजनका लागि उपयोग गर्न प्रस्ताव गरिएको छ।

ङ) संग्रहालय सिमानामा पर्खालको निर्माण गरी सबै भागलाई उपयुक्त बनस्पती तथा लहरेदार फूलले सुसज्जित गर्न प्रस्ताव गरिएको छ।

छ) संग्रहालय परिसरलाई संग्रहालय अवलोकन गर्न आउने र संग्रहालयमा कुनै कार्य प्रयोजनका लागि आउनेलाई मात्र प्रवेश दिने व्यवस्था गर्नु पर्दछ ।

## ५.९ निष्कर्ष

के.आई.सिंह संग्रहालयलाई संचालन तथा व्यवस्थापन गर्न प्रदर्शनका लागि आवश्यक सामाग्री निशुल्क वा सशुल्क माध्यमबाट जुटाई प्रकृया अगाडी बढाउनु पर्नेछ । संग्रहालयको भवन बनी सकेको लामो समय भैसकेकाले गाउपालिकाले छिटो पहल चाली संग्रहालय संचालनमा ल्याउनुपर्ने छ । वस्तु खरिद गर्दा कार्यपालिकाबाट दररेट स्वीकृत गरी प्रचलित कानुन अनुसारका खरिद विधिहरु मार्फत पालिका भित्र रहेका सहकारी संस्था, स्थानिय अन्य संघ संस्थाहरु र उत्पादक तथा सप्लायर्सहरु विच प्रतिस्पर्धा गराई बोल कबोलको आधारमा खरिद प्रकृया अगाडी बढाउने र बहुमूल्य धातुहरुको हकमा नेपाल राष्ट्र बैंकले तोकेको दररेट अनुसार खरिद गरी अगाडी बढ्नु पर्ने देखिन्छ ।

अनुसूची-१

प्रतिवेदनमा प्रस्तावित कार्यक्रम/विषयवस्तहरु र कार्यान्वयनका लागि अनुमानित रकम/लागत

| क्र.सं. | समानको नाम | समाग्रीको आकार | समान प्राप्तीको माध्यम/ सम्भावना | | अनुमानित मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | निशुल्क | स:शुल्क | | |
| | **क) मुख्य विषय-वस्तु** | | | | | |
| | **अ) मूर्ति, फोटो (मूर्ति (देवदेवता तथा जनावर)** | | | | | |
| १ | के.आई.सिंहका फोटोहरु | | | √ | १०००० | |
| २ | के. आई. सिंहको मुर्ती | | | √ | ४०००० | |
| ३ | देवीदेवताका पुराना एवम एतिहासिक मुर्तीहरु | | | √ | ४०००० | |
| ४ | राजारजैटा एवम एतिहासिक घटनाहरूको विम्ब झल्कने मुर्ती एवम तस्विरहरु | | | √ | १०००० | |
| ५ | गोर्खाली फौजसंग नारीदांगमा लडेको तस्विरहरू | | | √ | १०००० | |
| ६ | गाउँपालिका एवं डोटीको पर्यटन,सास्कृतिक सम्पदाहरुका फोटोहरु | | | √ | ७०००० | |
| ७ | जातजाती भेषभुषा झल्किने तस्बिर | | | √ | १०००० | |
| ८ | **आ) भान्सा सामग्री** | | | | | |
| ९ | चाखुडेखुरे (अचार हाल्ने काठको भाडा) | | √ | | १५०० | |
| १० | भट्टकी चिम्टा (काठको चिम्टा जुन काठ बड्गाउन सकिन्छ) | | √ | | २०० | |
| ११ | सिउराल्लो (तीनचार वटा ठेकी झुण्ड्याउने काठको सामान), | | √ | | २०० | |
| १२ | भेटे र कॉठे (बाँसको ठेकी र काठको ठेकी) | | | √ | ३००० | |
| १३ | काँसको भड्डु | | | √ | ५००० | |
| १४ | ताउला | | | √ | ५००० | |
| १५ | माटाका भाँडाकुँडाहरू | | √ | | ५००० | |
| १६ | काठको पाल्लो (चुक राखे सामाग्री), | | | √ | २५०० | |
| १७ | काँसका थाल | | | √ | ३००० | |
| १८ | कचैरा | | | √ | १५०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १९ | चाडी (तेल हाल्ने), | | √ | | १००० | |
| २० | जाँती | | | √ | ५०० | |
| २१ | दुध शाल्ने बेल | | | √ | २०० | |
| २२ | भात पकाउने धोती | | | √ | ५०० | |
| २३ | फुङ्लो राख्ने सिरुडो | | √ | | १०० | |
| २४ | काठ दाउरा | | √ | | ० | |
| २५ | हत्वा | | | √ | २०० | |
| २६ | ठेलो (बस्ने) | | √ | | २०० | |
| २७ | फुङ्लो | | | √ | ५००० | |
| २८ | कसुन्नो कासाको | | | √ | ३००० | |
| २९ | ठेल्वा | | √ | | १०० | |
| ३० | लोडो-सिलौटो | | | √ | २०० | |
| ३१ | डाडु-पन्यू पित्तल | | | √ | ३००० | |
| ३२ | थाली | | | √ | ३००० | |
| ३३ | गाग्री | | | √ | १५०० | |
| ३४ | करुवा | | | √ | ३००० | |
| ३५ | **इ) पूजा समाग्रीहरु** | | | | | |
| ३६ | दियो | | | √ | २०० | |
| ३७ | कलस | | | √ | १००० | |
| ३८ | शंख | | | √ | ५००० | |
| ३९ | भोक्कर | | | √ | ५००० | |
| ४० | घण्ट | | | √ | ५०० | |
| ४१ | त्रिसुल | | | √ | ५०० | |
| ४२ | अर्घ्या | | | √ | २०० | |
| ४३ | औसेक समाग्री | | | √ | २००० | |
| ४४ | आचमन | | | √ | २५० | |
| ४५ | पूजा थाली | | | √ | १००० | |
| ४६ | चमर चौरी गाईको पुछ | | | √ | १०००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४७ | दुना टपरी | | √ | | ० | |
| ४८ | बेदको लठ्ठी | | √ | | ५०० | |
| ४९ | **ई) कृषि औजारहरु** | | | | | |
| ५० | सुप्पो | | | √ | १००० | |
| ५१ | गहुचाल्ने चाल्लो | | | √ | १००० | |
| ५२ | खुर्पेटो | | | √ | ५०० | |
| ५३ | कर्द | | | √ | १५०० | |
| ५४ | आँसी | | | √ | १००० | |
| ५५ | भैसे घाणो | | | √ | १००० | |
| ५६ | निकान | | √ | | १०० | |
| ५७ | कोलको नमुना | | | √ | ५००० | |
| ५८ | मई-मैलडो | | √ | | २००० | |
| ५९ | मालुका ख्वाचा | | √ | | ५०० | |
| ६० | ताडो (धान चुट्ने) | | √ | | ५०० | |
| ६१ | डुरो फुङ्ङो (धान गहु हाल्ने) | | | √ | १००० | |
| ६२ | मालुका पातको पोको | | √ | | ५०० | |
| ६३ | जाँती उखु चुक पेल्ने | | √ | | ३००० | |
| ६४ | हलोभाडो | | √ | | ५००० | |
| ६५ | गल्याउ-किलो-दाम्लो | | √ | | ५०० | |
| ६६ | पानी घट्ट | | | √ | १०००० | |
| ६७ | मुनु (स्यापो) | | | √ | ४००० | |
| ६८ | **उ) पेशागत औजार** | | | | | |
| ६९ | दरि बुन्ने तान | | √ | | ५००० | |
| ७० | सर्पू | | | √ | ५००० | |
| ७१ | जाले डोको | | √ | | १५०० | |
| ७२ | जाबो | | | √ | २००० | |
| ७३ | चाणी | | √ | | २००० | |
| ७४ | पाल्लो | | | √ | १५०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७५ | फिनु बुन्ने तान | | | √ | ३००० | |
| ७६ | घोडी जेउडो | | √ | | २००० | |
| ७७ | काठको कागज हाल्ने ठेकी | | | √ | १००० | |
| ७८ | बडुकुटो | | | √ | ५०० | |
| ७९ | गोदो | | | √ | ५०० | |
| ८० | सोलो | | | √ | ५०० | |
| ८१ | दामनणो-दाउलडो | | √ | | १०० | |
| ८२ | लुणु-हलुणो | | √ | | १००० | |
| ८३ | छालाको चाल्लो | | | √ | ५०० | |
| ८४ | जितारो | | | √ | २५०० | |
| ८५ | सुल्पो | | | √ | २०० | |
| ८६ | हुक्का चिलिम | | | √ | २००० | |
| ८७ | बासकी गुलेली | | | √ | ५०० | |
| ८८ | ओखल-मुसल | | | √ | ३००० | |
| ८९ | लुगा धुने मौरो | | √ | | १०० | |
| ९० | तालु-आगलो-साङ्गलो | | | √ | ५०० | |
| ९१ | खोई लठ्ठी | | | √ | १००० | |
| ९२ | गागरो | | | √ | ५०० | |
| ९३ | स्याउला हाल्ने जाल | | √ | | ५०० | |
| ९४ | माछा मार्ने जाल | | | √ | २००० | |
| ९५ | माहुरीको घार | | | √ | २००० | |
| ९६ | टुक्की | | √ | | २०० | |
| ९७ | लालटिन | | √ | | ५०० | |
| ९८ | ग्याँस (मट्टितेलबाट चल्ने) | | √ | | २००० | |
| ९९ | सुयो-धागो | | □ | √ | ५० | |
| १०० | तमाखु राख्ने थैली | | √ | | ५० | |
| १०१ | **ए) कला कृति सम्बन्धी** | | | | | |
| १०२ | ठूली बर्यातको नरसिङ्गो | | | √ | १२००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १०३ | मन्याठो | | √ | | २०० | |
| १०४ | पगणी बाध्ने सेतो कपडा | | | √ | ५०० | |
| १०५ | कल्ली | | | √ | ५००० | |
| १०६ | डोला | | | √ | ५००० | |
| १०७ | कार्पेट (तापदानी बेहुला बेहुली बोक्ने) | | | √ | १०००० | |
| १०८ | जालेमाला | | | √ | २५०० | |
| १०९ | प्वालेमाला | | | √ | ३००० | |
| ११० | दही पोते | | | √ | २००० | |
| १११ | काली पोते | | | √ | २००० | |
| ११२ | कम्पनी माला | | | √ | ५०००० | |
| ११३ | गाजीका गामुन | | | √ | ५००० | |
| ११४ | दोफाले भोटो | | | √ | ५००० | |
| ११५ | साप्परका जुता | | | √ | ३००० | |
| ११६ | ढाल | | | √ | ४००० | |
| ११७ | तरवाल | | | √ | ५००० | |
| ११८ | भुजेली | | | √ | ५००० | |
| ११९ | भाला | | | √ | ३००० | |
| १२० | दोनाले बन्दुक | | | √ | | |
| १२१ | बुड्गेमाला | | | √ | ३००० | |
| १२२ | स्वारिङ्गे चाप्की | | | √ | २५०० | |
| १२३ | पोले बेरेर लगाउने पेली पोते | | | √ | ३००० | |
| १२४ | हुड्को र हुड्केलीको पोशाक | | | √ | १०००० | |
| १२५ | चर्का (एक मी. जतिको काठको सामग्रीसामान जो धागो बेर्न प्रयोगमा आउँछ) | | | √ | ३००० | |
| १२६ | डोट्याली बाजागाजा | | | √ | १००००० | |
| १२७ | ढुंग्री | | | √ | १००० | |
| १२८ | जोडी | | | √ | २००० | |
| १२९ | कन्जेउडी | | √ | | १००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३० | **ऐ) सांस्कृति,भेषभुषाका सामाग्रीहरु** | | | | | |
| १३१ | फुली | | | √ | २००० | |
| १३२ | मुदडी- मुदडा | | | √ | २००० | |
| १३३ | बाला | | | √ | २००० | |
| १३४ | श्रीबन्दी | | | √ | २००० | |
| १३५ | कानको बाली | | | √ | २००० | |
| १३६ | अमौछा | | | √ | २०० | |
| १३७ | लुंगी | | | √ | ५०० | |
| १३८ | भोटो | | | √ | २००० | |
| १३९ | **ओ) जैविक वस्तुहरु** | | | | | |
| १४० | घरपालुवा तथा जंगली जीवजन्तुका अंगहरू | | | √ | | |
| १४१ | रैथाने बालीनाली तथा खाधान्नका बीउँहरू | | | √ | २०००० | |
| १४२ | बोटहरू | | | √ | | |
| १४३ | **औ) घरयासी सामानहरु** | | | | | |
| १४४ | झुलो ठिन्का | | √ | | ५०० | |
| १४५ | लाफे मालुका पातको ठेउको | | √ | | १००० | |
| १४६ | धान्ना (मालुका पातको नुन हाल्ने भाँडो आवश्यकता अनुसार बनाइएको) | | √ | | १००० | |
| १४७ | पारो-मुनानी | | | √ | ५००० | |
| १४८ | कोथला-बोदला | | | √ | ५००० | |
| १४९ | छालाको तमाखु हाल्ने थैली | | √ | | ५०० | |
| १५० | झापुन्ने डोको | | | √ | २००० | |
| १५१ | चर्खा | | | √ | २००० | |
| १५२ | ऐटो (कपास प्रशोधन गर्ने काठको सामग्री चर्काको सामान) | | √ | | २००० | |
| १५३ | तामा घडी | | √ | | २००० | |
| १५४ | ताकु | | √ | | १००० | |
| १५५ | जतेउडो | | √ | | १०० | |
| १५६ | घट्टको नमुना | | | √ | १०००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५७ | निगलाको काईयो | | √ | | ५०० | |
| १५८ | नुन हाल्ने धान्ना | | √ | | १००० | |
| १५९ | बासुलो | | | √ | ३००० | |
| १६० | रामु | | √ | | १५० | |
| १६१ | **ख. सहायक विषय-वस्तु** | | | | | |
| १६२ | **अ) के.आई.सिंहका वैक्तिक उपभोग्य सामाग्रीहरु** | | | | | |
| १६३ | लुगाकपडा | | | √ | | |
| १६४ | पत्रपत्रिका | | | √ | | |
| १६५ | चश्मा | | | √ | १००००० | |
| १६६ | जुत्ता | | | √ | | |
| १६७ | कलम | | | √ | | |
| १६८ | हतियार | | | √ | | |
| १६९ | तस्विरहरु | | | √ | | |
| १७० | अन्य मालसामान | | | | | |

अनुसूची-२

अवलोकनकर्ताको राय संकलन

के.आई.सिंह संग्रहालय अवलोकनकर्ताहरुका लागि प्रश्नावली:

१. संग्रहालय कस्तो लाग्यो ?

........................................................................................

२. संग्रहालयमा सेवा सुविधा कस्तो पाउनु भयो ?

........................................................................................

३. प्रदर्शनी व्यवस्थापनमा कस्ता कस्ता समस्या देख्नु भयो ?

........................................................................................

४ . संग्रहालयलाई स्तरीय बनाउनका लागि के के गर्नुपर्ला ?

........................................................................................

४. संग्रहालय परिसरलाई आकर्षक बनाउन के के गर्नुपर्ला ?

........................................................................................

५. पाल्पा दरवार परिसरका अन्य संरचनाहरुलाई कसरी सदुपयोग गर्न उपयुक्त हुन्छ ?

........................................................................................

७ . यदि अन्य सुझाव केही भए छोटकरीमा लेख्नुहोस् ।

.......................................................................................................

अनुसूची-३

संग्रहालयमा आवश्यक कर्मचारी विवरण

| क्र.सं. | पद | संख्या | दरबन्दी |
|---|---|---|---|
| १ | संग्रहालय प्रमुख | १ | १ |
| २ | ग्यालरी सहायक | १ | १ |
| ३ | सह-लेखापाल | १ | १ |
| ४ | खरिदार | १ | १ |
| ५ | कार्यालय सहयोगी | १ | १ |
| ६ | सुरक्षा गार्ड | २ | २ |
| | जम्मा | ७ | ७ |

अनुसूची-४

सामाग्री संकलन नमुना फारम

प्राप्त स्थान.............................................................पाना नं...............................

| क्र.सं. | सामाग्री नं. | हस्तान्तरण मिति | दाताको नाम | सामाग्रीको नाम | | आकार | निर्मित सामाग्री | अन्य विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

अनुसूची-५

तस्विरहरु




